DOI: https://doi.org/10.3126/gyanjyoti.v3i1.53043 

# *तेप्लायु*मा डायस्पोरिक भावको अभिव्यक्ति

राजेश विद्रोही
उपप्राध्यापक
नेपाली विभाग
महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: rajeshbidrohi@gmail.com

**लेखसार**

यो अध्ययन *तेप्लायु* कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा अभिव्यञ्जित डायस्पोरिक चेतनाको विश्लेषणमा केन्द्रित छ । यस अध्ययनमा *तेप्लायु*का कविताहरू र डायस्पोरिक चिन्तनको सम्बन्धलाई केलाइएको छ । यस सङ्ग्रहमा सङ्कलित अधिकांश कविताहरूमा पहिचान र युद्धसँग सम्बन्धित भाव अभिव्यक्त भए पनि केही कवितामा डायस्पोरिक चेतनाको भावाभिव्यञ्जन भएको पाइन्छ । विभिन्न कारणले आफ्नो मूल थलो अर्थात् जन्मभूमि छाडेर अन्य देशमा बस्न बाध्य नेपाली डायस्पोराको पीडालाई उनले आफ्ना कवितामा प्रस्तुत गरेका छन् । यसरी जन्मभूमिबाट टाढिन बाध्य नेपाली नागरिकका पीडालाई उजागर गर्ने यी कविताहरूले तिनका सङ्घर्ष र विवशताका पीडालाई यथार्थपरक ढङ्गमा प्रस्तुत गरेका छन् । सामग्री सङ्कलनका क्रममा *तेप्लायु* कविता सङ्ग्रहलाई प्राथमिक स्रोतका रूपमा र कविताहरूबारे गरिएका समीक्षा-समालोचना र शोध प्रतिवेदनलाई द्वितीयक स्रोतका रूपमा लिएर डायस्पोरासम्बन्धी सिद्धान्तका आधारमा गुणात्मक विधिबाट कविताको विश्लेषण गरिएको छ ।

*शब्दकुञ्जी* : डायस्पोरा, युद्ध-कविता, अतीतमोह, लाहुरे, पहिचान

## विषयपरिचय

कवि काङमाङ नरेश राईको कवितासङ्ग्रह *तेप्लायु*का कवितामा अभिव्यञ्जित डायस्पोरिक भावको विश्लेषण गर्नु प्रस्तुत लेखको विषय हो । यसर्थ, यसमा कवि राई, *तेप्लायु* र डायस्पोरिक भाव विषय बनेर आएका छन् । कवि राईले नेपाली साहित्यमा आफ्नो परिचय बनाइसकेका छन् । उनी 'युद्ध साहित्य' का अभियन्तासमेत हुन् । युद्ध-विभीषिका तथा युद्धले व्यक्ति, परिवार एवम् समुदायमा पार्ने प्रभावको चित्रण साहित्यमा गर्नु युद्ध-साहित्यको विशेषता हो । राईले पहिचानवादी नेपाली साहित्यको उन्नयनमा पनि योगदान दिएका छन् । लेखनका माध्यमबाट पहिचानको मुद्दालाई विशेष महत्त्व दिने साहित्यकारलाई हरेक वर्ष पुरस्कार प्रदान गर्ने गरी उनले 'पहिचान पुरस्कार कोष' नै स्थापना गरेका छन् । यो कोष उनले सन् २०१५ मा स्थापना गरेका हुन् । पहिचान गुमाउन बाध्य समुदायका पक्षमा स्वर उराल्ने कृतिलाई यस कोषले हरेक वर्ष पुरस्कार प्रदान गर्ने गरेको छ । यस कोषको स्थापना गरेबाट पनि उनको पक्षधरता स्पष्ट हुन्छ । पहिचानको पक्षमा शोध-अनुसन्धान र लेखनलाई प्रोत्साहन गर्ने उनको उद्देश्य देखिन्छ ।

राईले मूलतः कविता र आख्यान विधामा कलम चलाएको पाइन्छ । उनको पहिलो प्रकाशित कृति *आँशुको दोभान* (संयुक्त कविता सङ्ग्रह, २०६१) हो । उनका अन्य कृतिहरूमा *अनुहारमा लुकाइएका चोटहरू* (कविता सङ्ग्रह, २०६५), *पप्पी फूल* (कविता सङ्ग्रह, २०७४), *युद्ध बोकेको सिताङ* (युद्ध-उपन्यास, २०६८), *खुकुरीको धारमा* (लाहुरेका युद्ध-कथा र व्यथाहरू, २०७१), *फियरलेस वरिवर* (सन् २०१५), *एघार नोभेम्बर* (कथा सङ्ग्रह, २०७६), *साखुङबारा* (किरात राईहरूका विभिन्न संस्कार, २०७७) र *तेप्लायु* (कविता सङ्ग्रह, २०७८) हुन् । उनको

कृति *खुकुरीको धारमा* मा दोस्रो विश्वयुद्धदेखि अफगान युद्धसम्म वीरतापूर्वक लडेका र गोर्खा पल्टनमा काम गरेका २४ जना गोर्खा-सिपाहीहरूको वीरता र पराक्रमको कथा समेटिएको छ। यही कृति अङ्ग्रेजीमा अनुवाद भएर *फियरलेस वरिवर* (सन् २०१५) को रूपमा बजारमा आएको छ। आख्यान वा कविता, जुनसुकै विधा भए पनि उनका रचनामा युद्धले मानव जीवनमा पारेका आघात र समाजमा छाडेका खतहरूलाई कारुणिक रूपमा प्रस्तुत गरिएको हुन्छ। उनले युद्धले जीवनमा छाड्ने घाउहरूलाई आफ्ना रचनामा जीवन्त रूपमा प्रस्तुत गर्ने अभिरुचि देखाएका छन्।

उनले केही नेपाली र केही अङ्ग्रेजी कृतिहरूको सम्पादन पनि गरेका छन्। सम्पादनमा भने उनले सहकार्यमा रुचि देखाएका छन्। उनले प्रायःजसो कृति अरूसँग मिलेर सम्पादन गरेका छन्। *तेप्लायु* उनको चौथो कविता सङ्ग्रह हो भने आठौँ कृति हो। यसमा सङ्कलित कविताहरूमा गोर्खा भर्तीको इतिहास, युद्धले नेपाली जीवनमा दिएको चोट, मुन्दुम, मुन्दुमी संस्कृति, पहिचान र प्रेमिल भावहरूलाई विषय बनाइएको छ। सङ्ग्रहमा सङ्कलित कविताहरूलाई तीन खण्डमा विभाजन गरिएको छ। हरेक खण्डलाई बेग्ला बेग्लै शीर्षक दिइएको छ। मिल्दो विषयका कविताहरूलाई एउटा खण्डमा राखिएको छ। 'समसामयिक कविता' नाम दिइएको पहिलो खण्डमा २७ वटा कविता छन्। यस खण्डका कविताहरूमा देशप्रेम, राजनीतिमा देखिएका विकृति-विसङ्गति, हराएको पहिचान, विपन्न नेपालीहरूले भोग्नुपर्ने कष्टकर जीवन, नेपाली राजनीतिमा झ्याङ्गिएको सत्ता-स्वार्थजस्ता विषयहरू उनिएर आएका छन्। दोस्रो खण्डलाई 'युद्ध कविता' शीर्षक दिइएको छ। यसलाई पनि 'युद्धअघि', 'युद्धमा' र 'युद्धपछि' गरी तीन उपखण्डमा बाँडिएको छ। यस खण्डमा २३ कविताहरू राखिएका छन्। यस खण्डका कविताहरूमा युद्धमा जानुअघिको भावुक क्षण, युद्धका क्रममा भोग्नुपर्ने अवस्था र युद्धपछि सिर्जना हुने त्रासदीलाई विषय बनाइएको छ। तेस्रो खण्डको शीर्षक 'असमानता अन्त्यको आन्दोलन' राखिएको छ। यस खण्डमा छवटा कविताहरू छन्। यस खण्डका कवितामा गोर्खा सैनिकमाथि बेलायतले गरेको असमानतापूर्ण व्यवहारका विरुद्ध गोर्खा सैनिकहरूले गरेको आन्दोलन मुख्य विषय बनेर आएका छन्। यसरी यस सङ्ग्रहमा जम्मा ५६ वटा कविताहरू सङ्कलित छन्।

यी कविताहरूमा गोर्खा भर्ती र त्यसपछिका वास्तविक घटनाहरूको चित्रण गरिएको छ। यसमा नेपाली युवाका बाध्यता र तिनका सङ्घर्षपूर्ण जीवनलाई विषय बनाइएको छ। बेलायती साम्राज्यको विस्तारमा रगत र पसिना बगाएका गोर्खा सैनिकमाथि बेलायतले गरेको विभेदपूर्ण व्यवहार पनि यसमा विषय बनेर आएका छन्। युद्धले जीवनमा सिर्जना गर्ने अँध्यारो, कठिनाइ र संस्कृतिमा पार्ने प्रभाव पनि उनका कविताहरूमा मुखर भएर आएका छन्। उनी युद्ध-कविताका सर्जक मात्र होइनन्, अभियन्ता पनि हुन्। युद्ध-साहित्यमार्फत् उनी युद्धले सिर्जना गर्ने जटिलतालाई उजागर गर्छन् र यसको विपक्षमा अभिमत जाहेर गर्छन्। उनी आफैं पनि बेलायती गोर्खा सैनिकको जीवनबाट सेवा निवृत्त भएका व्यक्ति हुन्। त्यसैले उनका कविताहरूमा उपस्थित कतिपय प्रसङ्ग र दृश्यहरू उनी आफैँले भोगेका वा नजिकबाट अनुभव गरेका होलान्। यी कविताहरूले युद्धले सिर्जना गर्ने अँध्यारो पक्षलाई सुन्दर ढङ्गले देखाएका छन्। यी कविताहरूमा नेपाली समाज र नेपाली समाजकै एउटा अभिन्न अङ्ग बनेको लाहुरे समुदायको जीवनशैली र भोगाइलाई पनि चित्रण गरिएको छ। १३२ पृष्ठमा फैलिएको यस कृतिमा विभिन्न भाव र विषयका कविताहरू सङ्गृहित छन्।

पछिल्ला केही दशकहरूमा विश्व साहित्यमा 'डायस्पोरा' शब्दको चर्चा-परिचर्चा बाक्लै मात्रामा हुने गरेको पाइन्छ। यसै क्रममा नेपाली साहित्यका सन्दर्भमा पनि यसको चर्चा हुन थालेको हो। डायस्पोरा (diaspora) ग्रिसेली भाषाबाट आएको शब्द हो। हिब्रु भाषामा यसलाई galut (निर्वासन) भनिन्छ। इसापूर्व ५८६ देखि ५८० सम्म

करीब चार दशक प्यालेस्टाइन (वर्तमान इजरायल) का यहुदीहरूलाई दण्डस्वरूप बेबिलोनियामा गरिएको निर्वासनलाई बुझाउन पहिलोपल्ट डायस्पोरा शब्दको प्रयोग गरिएको हो । यसर्थ, डायस्पोराको मूल अर्थ 'यहुदी समुदायले प्यालेस्टाइनबाहिर निर्वासित जीवन बिताउनु' सँग गाँसिएको छ ।

'यसका लागि निर्वासन (galut or exile) शब्दभन्दा राम्रो विकीर्ण अर्थ बुझाउने (dispersion) शब्दलाई मानिन्छ' (लुइटेल, सन् २००९, अनु. १) । निर्वासन (exile) शब्दले बलपूर्वक निकालिनुलाई बुझाउँछ भने विकीर्ण (dispersion) शब्दले 'बलपूर्वक नभई स्वेच्छाले संसारभरि फैलिनु' भन्ने अर्थबोध गराउँछ । ईपू ५८६ तिर भएको सो निर्वासनपछि यहुदी समुदायका लगभग सबै व्यक्तिहरू प्यालेस्टाइनबाट निर्वासित भई बाहिर छरिन पुगे । प्रारम्भमा प्यालेस्टाइनबाट लखेटिएर बेबिलोनिया पुगेका यहुदीहरूका लागि प्रयोग गरिएको 'डायस्पोरा' शब्द अहिले जुनसुकै कारणले आफ्नो देश छाडेर विश्वका विभिन्न देशमा छरिन पुगेका सबै खाले राष्ट्रियताका लागि प्रयोग हुन थालेको छ ।

वर्तमान सन्दर्भमा डायस्पोरा शब्दको पुरानो अर्थमा परिवर्तन भएर यसको अर्थविस्तार भएको छ । हाल यसले विकीर्ण हुनु (dispersion), फिँजिनु (spreading) तथा छरिनु वा तितरबितर हुनु (scattering) भन्ने अर्थ दिन्छ । यस सन्दर्भमा डायस्पोरा भन्नाले अन्य राष्ट्र वा संस्कृतिमा फिँजिएर, फैलिएर वा छरिएर रहेको कुनै निश्चित राष्ट्र वा संस्कृतिका मानिसहरूको समूहलाई बुझिन्छ । कुनै कारणले आफ्नो मातृभूमिबाट अलग्गिएर टाढाको कुनै देशमा पुगेका नागरिकहरूको समूह नै डायस्पोरा हो । यसबाट के प्रस्ट हुन्छ भने प्रत्येक राष्ट्रको आफ्नो डायस्पोरा हुन्छ र त्यो डायस्पोरा मातृभूमिभन्दा टाढाटाढाका मुलुकमा छरिएर रहेको हुन्छ । अब यहुदीहरूको मात्र नभएर जुनसुकै राष्ट्रियताको पनि डायस्पोरा हुन्छ । यस सन्दर्भबाट प्रस्ट हुन्छ - आफ्नो देशबाट निर्वासित भई लामो समयदेखि विभिन्न मुलुकमा छरिएर रहेकाहरू नेपाली डायस्पोरा हुन् । वर्तमान समयमा विश्वका विभिन्न मुलुकमा नेपाली डायस्पोराहरू छरिएर रहेका छन् ।

गुणस्तरीय शिक्षा, रोजगारी, व्यवसाय वा सुविधासम्पन्न जीवनको खोजीमा विश्वका विभिन्न सम्पन्न देशमा पुग्नु वर्तमान समयमा स्वाभाविक प्रक्रिया भएको छ । खासगरी गरीब देशका नागरिकहरू शिक्षा, अवसर र सुविधाको खोजीमा सम्पन्न देशहरूमा पुग्ने गरेका छन् । उनीहरू नै फरक-फरक राष्ट्रियताका डायस्पोरा हुन् । तिनै डायस्पोराको जीवनमा आउने जटिलता र सङ्कट, अप्ठ्यारा तथा जीवन भोगाइहरूको चित्रणमा केन्द्रित साहित्यलाई 'डायस्पोरिक' भन्ने गरिएको छ ।

वर्तमान विश्वका प्रायः अविकसित मुलुकहरूबाट प्रवासी भई विकसित मुलुकहरूमा प्रवेश गर्ने क्रम तीव्र रूपमा बढ्दो छ । जुन ठाउँबाट जहाँ गएका छन्, त्यहीँको भाषा, संस्कृतिमा ती सब विलयन हुने क्रम पनि जारी छ । नेपालबाट पनि प्रशस्तै नेपालीहरू संसारका विभिन्न ठाउँमा विकीर्णन, विस्थापन वा निर्वासन भएका छन् । मातृभूमिबाट टाढा रहे पनि जाति र संस्कृतिका नाममा नेपाली वा आफ्नै राष्ट्रको भन्ने मानसिकता रहिरहन्छ तापनि तिनले रीतिथितिलगायत अरू सबै इच्छित भूमिको आत्मसात् गर्नुपर्ने हुन्छ । यस्तो स्थिति आउन निकै लामो समय लाग्छ, छोटो समयमा हुँदैन । यसर्थ मातृभूमि त्यागेर अन्यत्र गई छोटो समय वा अस्थायी बसोवास गर्नेलाई नभएर लामो समय वा स्थायी बसोवास गर्नेलाई मात्र डायस्पोरा मान्नुपर्ने लुइटेल (सन् २००९, अनु. ७) को भनाइ छ ।

अर्काको देशमा जतिसुकै सम्पन्न भएर बसे पनि आफ्नो मातृभूमि र आफन्तहरूप्रतिको सम्झना र सद्भाव स्मरणमा रहिरहने लुइटेल (सन् २००९, अनु. ८) ले उल्लेख गरेका छन् । गृहदेशमा तिनको नागरिकता वा नागरिकका हैसियतले प्राप्त गर्ने सम्पूर्ण अधिकार गुमिसकेको हुन्छ भने इच्छित भूमिमा केही मात्रामा त्यस्तो

DOI: https://doi.org/10.3126/gyanjyoti.v3i1.53043 

अधिकार प्राप्त भएको वा नभएको स्थिति रहे पनि आत्मपहिचान वा परिचयको सङ्कट (crisis of identity) भने सदैव जीवित रहन्छ । यसरी मातृभूमि सम्झे पनि परिस्थितिवश इच्छित भूमिकै भाषा, संस्कृति, अपरिचय आदिसँग सङ्घर्षरत् रही बसोवास गर्दागर्दै त्यतै विलयन भएकालाई डायस्पोरा भनिन्छ ।

**समस्या कथन**

राईका अधिकांश कवितामा लाहुरे (गोर्खा सैनिक) र तिनको परिवारले भोगेको पीडा विषय बनेर आएका हुन्छन् । नेपाली उत्पीडित समुदाय र तिनको संवेदना तथा पहिचानविहीनता नै उनका कविताको केन्द्रीय विषय हो । यसबाहेक देशको आर्थिक, सांस्कृतिक, राजनीतिक आदि क्षेत्रमा फैलिएको प्रदूषणको चित्रण पनि कवितामा गरिएका छन् । देश छाड्न विवश नागरिकको पीडा पनि विषय बनेर आएको छ । त्यसैले गृहभूमि त्यागेर टाढाको देशमा बस्न बाध्य नेपालीहरूको भावको खोजीलाई मूल समस्या मान्दै यस अध्ययनका समस्याहरूलाई बुँदागत रूपमा यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

(क) *तेप्लायु* मा के कस्ता कविता छन् ?

(ख) *तेप्लायु*का कविताहरूमा डायस्पोरिक भावको अभिव्यञ्जन कसरी भएको छ ?

**शोधको उद्देश्य**

समस्या कथनमा उठाइएका प्रश्नहरूको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो, जसलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ :

(क) *तेप्लायु*को परिचय प्रस्तुत गर्नु,

(ख) *तेप्लायु*का कविताहरूमा अभिव्यञ्जित डायस्पोरिक भावको विश्लेषण गर्नु ।

**सीमाङ्कन**

प्रस्तुत अध्ययन काङमाङ नरेश राईको कविता सङ्ग्रह *तेप्लायु*का कविताहरूमा अभिव्यक्त डायस्पोरिक भावको विश्लेषणमा केन्द्रित छ । *तेप्लायु*का कविताहरूमा अभिव्यक्त डायस्पोरिक भावको मात्र खोजी गर्नु यस अध्ययनको सीमा हो । यहाँ यसै सङ्ग्रहका कविताहरूमा अभिव्यञ्जित डायस्पोरिक भावको खोजी गरिएको छ । प्रस्तुत कविता सङ्ग्रहका कविताहरूमा चित्रित डायस्पोरिक भावलाई डायस्पोरासम्बन्धी सिद्धान्तका आधारमा मात्र विश्लेषण गरिएको छ । यो नै यस अध्ययनको सीमा हो ।

**पूर्वकार्यको समीक्षा**

दिप्साली (२०७९) ले तेप्लायुबारे ब्लाष्ट दैनिकमा समीक्षात्मक टिप्पणी गरेका छन् । "काङमाङ नरेश राई सुन्दर कवि, राम्रा आख्यानकार र युद्ध-साहित्यका प्रवर्द्धक पनि हुन्" (दिप्साली, २०७९, पृ.२) । दुई शताब्दी नाघेको लाहुरको इतिहास, आफू जन्मे, हुर्केको माटोप्रति अगाध प्रेम र थातथलोप्रतिको विशाल चिन्तन नै उनको कवित्व भएको दिप्साली (२०७९, पृ.२) को ठम्याइ छ । मौलिक र रैथाने भाषाभाषिका र लवजलाई शब्दभण्डार ठानेकै कारण राईका कविताहरू हृदयस्पर्शी भएको उनले लेखेका छन् ।

कृतिकै पश्चभागमा लोकप्रिय कवि श्रवण मुकारुङले स्रष्टा नरेश काङमाङ राईको लेखनबारे गरेको सङ्क्षिप्त टिप्पणी प्रकाशित छ । "पहिचान, डायस्पोरा, युद्ध (साहित्य), जस्ता महत्त्वपूर्ण अभियानका अभियन्ता काङमाङ नरेश राईको हरेक सृजना उनको गहन वैचारिकी, सरल तर मौलिक भाषाशैलीका कारण विशेष भएको छ" (मुकारुङ, २०७८) । यस कृतिले नेपाली जातिको दुःख, सङ्घर्ष, र सपनाको वृहत्तर आयामलाई आफ्नो

इतिहास, संस्कृति, सभ्यता वा सौन्दर्यको क्यानभासमा कोरेको मुकारुङ (२०७८) को ठम्याइ छ । "कविताहरूले हाम्रा मनमा उद्वेलन, मस्तिष्कमा प्रज्ञाबोध गराउँछन्" (मुकारुङ, २०७८) ।

उनका अन्य कृतिबारे प्रशस्त समीक्षा, टिप्पणी र समालोचना लेखिएका भए पनि *तेप्लायु*बारे समीक्षा प्रकाशित भएका छैनन् । *तेप्लायु* र *तेप्लायु*का कविताहरूबारे सार्वजनिक भएका टिप्पणी यति नै हुन् । उनको कथा सङ्ग्रह 'एघार नोभेम्बर' बारे भने विभिन्न समालोचकहरूले परिचर्चा गरेका छन् । तीमध्ये केही परिचर्चाहरूको समीक्षा यहाँ गरिएको छ ।

**गोर्खाली जीवनको अँध्यारो पाटो**

सङ्ग्रहका अधिकांश कथाहरूमा गोर्खा-सिपाहीको जीवनको अँध्यारो पाटोलाई देखाइएको छ । मुनराज शेर्माले 'वीर गोर्खालीहरूको नलेखिएको युद्धको गाथाहरू' शीर्षकमा *एघार नोभेम्बर* कथा सङ्ग्रहबारे लामो समीक्षात्मक टिप्पणी लेखेका छन् । सो टिप्पणीमा उनले सङ्ग्रहमा सङ्कलित हरेक कथाबारे छुट्टाछुट्टै विश्लेषण गरेका छन् । पहिलो र दोस्रो विश्वयुद्धदेखि अहिलेसम्म नेपालका आदिवासीहरूले लडेको युद्धको अँध्यारो पक्षलाई युद्ध साहित्यले उत्खनन् गर्ने उल्लेख गर्दै शेर्माले *एघार नोभेम्बर* तिनै गाथाहरूको दस्तावेज भएको चर्चा गरेका छन् । शेर्माले लेखेका छन्, "यति भित्री तहसम्म मान्छेको मनोग्रन्थिलाई एकोहोऱ्याएर घटना बुन्न सक्नु स्वयम् लेखकीय शक्ति र सामर्थ्य हो । यो सङ्ग्रहको सबैभन्दा बलवान् कथा तक्मा हो, जुन कथाले विश्वका सारा लडाकुहरूको जीवनवृत्तलाई गहिरिएर उठान गरेको छ" (शेर्मा, ?, अनु. ८) ।

यस्तै, गुरुङ सुशान्तले पनि यस कृतिको समीक्षा लेखेका छन् । 'घुमीफिरी युद्धमै' शीर्षकको समीक्षामा सुशान्तले युद्धले लडाकु मात्रै नभएर उसको परिवारलाई पनि सधैँ अन्योलमा राख्छ भन्ने निष्कर्ष कथा सङ्ग्रहको भएको उल्लेख गरेका छन् । 'उनले लेखेका छन्, "आर्थिक हैसियतले समृद्ध देखिने लाहुरे समुदायभित्रका पीडा, असन्तुष्टि र अन्यायका पाटालाई राईले आफ्नो लेखनीमा समेटेका छन्" (सुशान्त, २०७६, अनु. २) । गोर्खा-सिपाही र तिनको परिवार आर्थिक रूपमा सम्पन्न देखिन्छ । बाहिरबाट उनीहरूको जिन्दगी सुखी र ईर्ष्यालाग्दो देखिन्छ तर चम्किलो आवरणभित्र रहेको गोर्खा समुदायका सदस्यहरूले व्यहोर्नुपर्ने पीडा र कष्ट सधैँ ओझेलमै रहन्छन् । कथाकार राईले ओझेलमा परेका तिनै दुःख र पीडालाई बाहिर ल्याएको सुशान्तको बुझाइ छ । युद्धबाट घर नफर्किएका योद्धामा समर्पित यस सङ्ग्रहमा कथाकार राईले यथार्थलाई आख्यानीकरण गरेकोसुशान्तको टिप्पणी छ ।*एघार नोभेम्बर*का कथाबारे किरण राईले पनि समीक्षा लेखेका छन् । कथा सङ्ग्रहमा वीरगति पाएका, वृद्धावस्थामा पुनः बेलायत गएर दुःख पाएका र पहिलो विश्वयुद्ध लड्ने गोर्खालीहरूका दर्दनाक कथा सङ्गृहीत भएको उनले जनाएका छन् (राई, २०७६) । यस सङ्ग्रहमा वीरगति पाएका, वृद्धावस्थामा पुनः बेलायत गएर दुःख पाएका र पहिलो विश्वयुद्ध लड्ने गोर्खालीहरूको दर्दनाक कथा सङ्गृहीत भएको उनले लेखेका छन् ।

**युद्धका अनुभूतिहरूको प्रस्तुति**

कथाकार काङमाङ नरेश राई युद्ध साहित्यका अभियन्ता हुन् । उनी आफैँ बेलायती सेनाबाट सेवा निवृत्त योद्धा पनि हुन् । त्यसैले उनका कथाहरूमा युद्धका भोगाइहरूको जीवन्त प्रस्तुति पाइने अध्येताहरूले उल्लेख गरेका छन् । लेखक स्वयम् पनि एक योद्धा भएकाले कथाले वास्तविकता बोलेको किरण राईको बुझाइ छ। उनले लेखेका छन्, "उनी भाग्यले बाँचे र मरेकाहरूको हुबहु कथा लेखेका छन्" (राई, २०७६ अनु. ५) । यस सङ्ग्रहमा वीरगति पाएका, वृद्धावस्थामा पुनः बेलायत गएर दुःख पाएका र पहिलो विश्वयुद्ध लड्ने गोर्खालीहरूको दर्दनाक कथा सङ्गृहीत भएको उनले लेखेका छन् । उनका कथाहरू युद्धकै सेरोफेरोमा लेखिएको प्रकाश दिप्सालीले पनि लेखेका

छन् । दिप्सालीले *एघार नोभेम्बार*बारे एउटा सङ्क्षिप्त समीक्षा लेखेका छन् । उनले यस सङ्ग्रहका कथाहरू हाम्रै वरपरका विषय टिपेर लेखिएको उल्लेख गरेका छन् । उनले यसरी टिप्पणी गरेका छन्, "यहाँभित्रका कथाहरू युद्ध साहित्यसँगको सेरोफेरोमा नै घुमेको छ । यसभित्रको कथाहरू नेपाली समाज र गोर्खा सैनिक (लाहुरे) को जीवन भोगाइहरू हुन् । यहाँका कथाहरूले युद्धभित्रका सौन्दर्यलाई पस्कने जमर्को गरेको छ" (दिप्साली, २०७६, अनु. २) । यी कथाहरूले मान्छेले नियतिको नियन्त्रणमा बस्नुपर्ने तीतो यथार्थलाई बडो कलात्मक ढङ्गले प्रस्तुत गरेको उनको मत छ ।

यस्तै, 'घुमीफिरी युद्धमै' शीर्षकको समीक्षामा सुशान्तले जुनसुकै तर्क र दर्शनमा उब्जिए पनि युद्धको परिणाम दीर्घकालीन घाउ र विद्वेष नै रहेको निष्कर्ष यो कथा सङ्ग्रहको भएको उल्लेख गरेका छन् । गोर्खा भर्ती र यसले निम्त्याएका समस्याहरू नै राईका कथाहरूको विषय भएको सुशान्तले उल्लेख गरेका छन् ।

### जातीय पहिचानको प्रस्तुति

प्रगति राईले पनि *एघार नोभेम्बर* कथा सङ्ग्रहभित्र सङ्गृहीत कथाहरूबारे चर्चा गरेकी छन् । उनले यी कथाहरू लाहुरे-जीवनमा केन्द्रित भएको उल्लेख गरेकी छन् । उनले *एघार नोभेम्बर*का कथाहरूले विशेषतः जातीय पहिचान र जनजातिले बोल्ने शैली, रहनसहन, राज्यले गरेको उपेक्षा र गोराले दोस्रो दर्जाको व्यवहार गरेको दुःखलाई दर्शाउने लेखेकी छन् । "...काङमाङका सङ्ग्रह '*एघार नोभेम्बर*' विशेषतः जातीय पहिचान र जनजातिले बोल्ने शैली, रहनसहन, राज्यले गरेको उपेक्षा र गोराले दोस्रो दर्जाको व्यवहार गरेको दुःखलाई दर्साउँछ" (राई, २०७६, अनु. १२) ।

यसरी विभिन्न अध्येता र समालोचकहरूले कथाकार राईको कथा सङ्ग्रह *एघार नोभेम्बर*का कथाहरूबारे विभिन्न कोणबाट चर्चा गरेका छन् । उनका कविताहरूमा पनि यिनै विषय, परिवेश र भावहरूको चित्रण गरिएको पाइन्छ । उनका अन्य कृतिबारे परिचर्चा गरिएका भए पनि *तेप्लायु*का कविताबारे खासै अध्ययन भएको छैन । त्यसमा पनि यी कवितामा अभिव्यञ्जित डायस्पोरिक भावमै केन्द्रित भएर भने कसैले अध्ययन गरेको देखिँदैन । त्यसैले यहाँ *तेप्लायु*का कविताहरूको अध्ययन डायस्पोरिक चेतनाको सन्दर्भमा गरिएको छ । अतः डायस्पोरिक साहित्यको सैद्धान्तिक मूल्यका आधारमा कृतिको अध्ययन गरी कृतिमा डायस्पोरिक चेतना र भाव कसरी र कुन रूपमा प्रस्तुत भएका छन् भन्ने विषयमा अध्ययन गर्नु आवश्यक भएको छ ।

## शोधविधि तथा सामग्री

### सामग्री सङ्कलन विधि

उल्लिखित उद्देश्यहरूको प्राप्तिका लागि यस अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा कवि राईका कविताहरूको सङ्कलन *तेप्लायु*लाई लिइएको छ । द्वितीयक सामग्रीका रूपमा सम्बन्धित विषयमा लेखिएका विभिन्न ग्रन्थ, अनुसन्धानमूलक लेखहरूको सङ्कलन, लेख, अनुसन्धान प्रतिवेदन आदिलाई लिइएको छ ।

### सामग्री विश्लेषण विधि

यसरी विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी गुणात्मक विधिबाट व्याख्या, वर्णन र विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा यी विभिन्न स्रोतबाट सङ्कलित सामग्रीलाई 'डायस्पोरिक साहित्य' सम्बन्धी सिद्धान्तको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ । मानिसको बसाइँ सराइ नयाँ विषय होइन । विभिन्न कारणले प्राचीन कालदेखि नै मानिसले बसाइँ सराइ गर्ने गरेको पाइन्छ । प्राचीन कालमा मानिसहरू

DOI: https://doi.org/10.3126/gyanjyoti.v3i1.53043 

प्राकृतिक तथा सामाजिक कारणले आफू बसेको स्थान छाडेर नयाँ स्थानमा जाने गर्थे । बाढी-पहिरो, अतिवृष्टि-अनावृष्टि, भूकम्प, अनिकालजस्ता प्राकृतिक कारण तथा युद्ध एवम् धार्मिक, राजनीतिक स्वतन्त्रताजस्ता कारणले प्राचीन कालमा मानिसहरू आफ्नो गृहभूमि परित्याग गरेर नयाँ भूमिमा जान बाध्य हुन्थे । आज गृहभूमि परित्याग गर्नुपर्ने कारणहरू थपिएका छन् । गुणस्तरीय शिक्षा, रोजगारीका अवसर, सुविधा सम्पन्न जीवन, व्यापार आदिको खोजीमा आजका मानिसहरू आफ्नो गृहभूमि परित्याग गरेर नयाँ भूमिमा स्थापित हुने क्रम बढेको छ । यसरी विभिन्न कारणले आफ्नो गृहभूमि परित्याग गरेर इच्छित भूमिमा पुगी परिचय-सङ्कट, सन्त्रास, पीडाजस्ता परिस्थितिसँग जुधिरहेको समुदायलाई 'डायस्पोरा' भन्ने गरिएको छ । स्थान, संस्कृति, आत्मीयताबाट विच्छिन्न अवस्थामा हुने सन्त्रास, पीडा र परिचय-सङ्कट डायस्पोराको तात्पर्य भएको एटम (२०६७, पृ.२९) ले उल्लेख गरेका छन् ।

कुनै पनि कारणले आफ्नो गृहभूमि त्यागेर इच्छित (गन्तव्य) भूमिमा बसेका नागरिकहरूको समूहलाई डायस्पोरा भनिन्छ । अहिले नेपाली डायस्पोरा पनि विश्वका विभिन्न देशमा निर्माण हुँदैछन् । तिनै डायस्पोरामा बसिरहेका साहित्यकारहरूले लेखेका नेपाली साहित्यमा पनि डायस्पोरिक चेतना अभिव्यक्त हुन थालेका छन् । यस्ता साहित्यमा पात्रहरू घरदेश अर्थात् पुर्ख्यौली भूमि त्यागेर जीवन निर्वाहका लागि गन्तव्य भूमिमा पुगेका हुन्छन् । तिनै पात्रहरूको मानसिक अवस्थाको चित्रण यस्ता कृति वा रचनाको मुख्य उद्देश्य हुन्छ । यस्ता रचनामा घरदेश त्यागेर इच्छित भूमिमा पुगेका पात्रहरूको विभाजित मानसिकता, उनीहरूमा सिर्जना भएको परिचय-सङ्कट र त्यस कारणले पात्रमा उत्पन्न भय, सन्त्रास र पीडाको चित्रण गरिएको हुन्छ । त्यस्ता पात्रमा हुने अतीतमोह, अल्पसङ्ख्यक तथा सीमान्तीकृत हुनुको पीडा, परादेशीय हुनुको रोमाञ्च र चिन्ता, अस्तित्वबोधका लागि एकसूत्रताको खोजीजस्ता विषय पनि यस्ता रचनामा आएका हुन्छन् ।

## परिणाम तथा छलफल

पछिल्ला केही वर्षमा नेपाली साहित्यमा पनि डायस्पोरिक चेतनाको अभिव्यक्ति हुन थालेका छन् । विदेशी भूमिमा नेपाली डायस्पोरा फैलिने क्रमसँगै डायस्पोरिक चेतना अभिव्यञ्जित नेपाली साहित्यको रचनाको क्रम पनि बढ्न थालेको हो । *तेप्लायु* एउटा यस्तै कृति हो । यसभित्र सङ्गृहीत दुईवटा कवितामा डायस्पोरिक चेतनाको अभिव्यञ्जना पाइन्छ ।

*तेप्लायु* उनको चौथो कविता सङ्ग्रह हो भने आठौँ कृति हो । यसमा सङ्कलित कविताहरूमा उनले गोर्खा भर्तीको इतिहास, युद्धले नेपाली जीवनमा दिएको चोट, मुन्दुम, मुन्दुमी संस्कृति, पहिचान र प्रेमिल भावहरूलाई विषय बनाएका छन् । सङ्ग्रहलाई तीन खण्डमा विभाजन गरिएको छ । 'समसामयिक कविता' नाम दिइएको पहिलो खण्डमा २७ वटा कविता छन् । 'युद्ध कविता' शीर्षक दिइएको दोस्रो खण्डलाई पनि 'युद्धअघि', 'युद्धमा' र 'युद्धपछि' गरी तीन उपखण्डमा बाँडिएको छ । यस खण्डमा २३ कविताहरू छन् । तेस्रो खण्डको शीर्षक 'असमानता अन्त्यको आन्दोलन' राखिएको छ । यस खण्डमा छवटा कविताहरू छन् ।

यसरी यस सङ्ग्रहमा जम्मा ५६ वटा कविताहरू सङ्कलित छन् । यीमध्ये दुईवटा कवितामा डायस्पोरिक चेतना अभिव्यक्त भएको छ । पहिलो खण्ड 'समसामयिक कविता' को पहिलो कविता 'राष्ट्र रहेमा' र तेस्रो खण्ड 'असमानता अन्त्यको आन्दोलन' मा राखिएको 'सम्झनामै सकिनेछ' मा यस्तो भाव र चेतनाको अभिव्यक्ति भएको छ । यी दुई कवितामा अतीतमोह, विभाजित मानसिकता तथा परिचय-सङ्कटको भाव र चिन्ता प्रकट भएको छ ।

यस्तो चिन्ता, सन्त्रास, भय र पीडा डायस्पोरामा व्याप्त भावहरू हुन् । *तेप्लायु*का कवितामा अभिव्यञ्जित यी भावबारे यहाँ चर्चा गरिएको छ ।

**अतीतमोह**

डायस्पोरिक पात्रमा पाइने एउटा मुख्य भाव अतीतमोह हो । उनीहरू आफ्नो पितृभूमिको सम्झना गरेर रमाउने गर्छन् । 'डायस्पोराको जीवनका लागि वर्तमान दुःखदायी, भविष्य कहालीलाग्दो र अतीत स्वप्नवत् हुनाले आनन्दमय हुन्छ' (एटम, २०६७, पृ. ३५) । यस्ता पात्रहरू इच्छित भूमिको व्यस्त जीवनमा पनि आफ्ना बाल्यकालीन खेलकुद, पुर्ख्यौली घर, बालसखा तथा कतिपय सांस्कृतिक उत्सव र महोत्सवहरू सम्झिएर आनन्दित हुने गर्छन् । वास्तवमा इच्छित भूमिमा आनन्दको मुख्य स्रोत नै अतीतमोह हुने गर्छ । अतीतका यिनै सुन्दर यादहरूको सहारामा उनीहरूले आफ्ना दिन बिताउने गर्छन् ।

*तेप्लायु*मा सङ्कलित कविता 'राष्ट्र रहेमा' मा यस्तै भाव अभिव्यञ्जित भएको पाइन्छ । इच्छित भूमिमा सारा जीवन व्यतीत गरेर वृद्धावस्थामा घरदेश फर्किंदा सामना गर्नुपर्ने सम्भावित दुःखद् परिस्थितिको चित्रण प्रस्तुत कवितामा गरिएको छ । कविताको एक टुक्रा :

*सकिएका हुनेछन् दामलेहरू*
*चिन्ने छैनन् नयाँ पुस्ताले*
*भत्किसकेको जन्मघर अगाडि उभिनेछु*

(पृ. १३)

प्रस्तुत कवितांशमा 'दामलेहरू' र 'जन्मघर' को उल्लेख गरिएको छ । यहाँ प्रत्यक्षतः 'दामलेहरू' र 'जन्मघर' को सम्झनाबारे चर्चा गरिएको नभए पनि अन्तर्गर्भमा रहेको भाव भने दामले र जन्मघरको सम्झना नै हो । दामलेहरूसँग बिताएका बाल्यकालीन स्वर्णिम क्षण र जन्मघरको सम्झनाले सताएको बेला कविले यस्तो भाव प्रकट गरेका हुन् । वृद्धावस्थामा घरदेश फर्कंदा दामलेहरू नहुने र जन्मघर पनि भत्किसकेको हुने कल्पनाले कवि दुःखी भएका छन् । यी पङ्क्तिहरूमा अतीतमोह लुकेको छ । यसै कवितामा अगाडि लेखिएको छ :

*मेरो केही हुने छैन*
*मात्र म हुनेछु*
*आमा र बाउको चिहान हुनेछ*
*साथीहरूका सम्झना हुनेछ*
*जीवनसाथीको धमिलो माया,-*

(पृ. १४)

उपर्युक्त कवितांशमा भने वृद्धावस्थामा परदेशबाट घरदेश फर्किंदा आफूसँग बाल्यकालीन साथीहरूको सम्झना र जीवनसाथीको धमिलो मायाबाहेक अरू केही बाँकी नहुने उल्लेख गरेका छन् । यी पङ्क्तिहरूमा कविको अतीतमोह प्रस्टसँग अभिव्यञ्जित भएको छ । वास्तवमा बाल्यकालीन क्षण र आफूले बाल्यकाल बिताएको भूमिको सम्झना हरेक व्यक्तिको मनमा गाढा बनेर बसेको हुन्छ । जीनको अन्त्यकालसम्म यो सम्झनाले मानिसलाई

पछ्याइरहन्छ । कुनै कारणबश गृहभूमिबाट टाढा जानु परेको अवस्थामा यस्तो सम्झनाले अझ बढी सताउँछ । प्रस्तुत कवितांशमा यही भाव प्रकट भएको छ ।

**विभाजित मानसिकता**

डायस्पोरामा बस्ने पात्रको अर्को महत्त्वपूर्ण विशेषता विभाजित मानसिकता हो । उनीहरू मानसिक रूपमा गृहभूमि र इच्छित भूमिमा बाँडिएका हुन्छन् । डायस्पोरामा बस्नेहरूले न इच्छित भूमिलाई अपनाउन सकेका हुन्छन्, न त गृहभूमिमै फर्किन सक्छन् । उनीहरू गृहभूमि र इच्छित भूमिमा विभाजित हुन्छन् । '...इच्छित भूमिलाई उसले आत्मीय ठान्न सक्दैन र पुर्ख्यौली भूमि उसले छोडिसकेको हुन्छ । यसबाट उसलाई बेलाबेला मातृदोहको गल्तीबोध पनि हुन्छ र अर्कातिर स्थापित हुन चाहेको भूमिमै सङ्घर्ष गर्न सकेकोमा आत्मसन्तुष्टि मिल्छ' (एटम, २०६७, पृ.३३) ।

डायस्पोरिक रचनामा पात्रहरूको यस्तै मानसिक अवस्थाको चित्रण गरिएको हुन्छ । डायस्पोरिक रचनामा प्रयुक्त पात्रहरू यस्तै विभाजित मानसिकतामा बाँचेका हुन्छन् । *तेप्लायु*मा सङ्गृहीत कविता 'सम्झनामै सकिनेछ' मा पनि यस्तै विभाजित मानसिक अवस्थाको चित्रण गरिएको छ । बेलायती सैनिकका रूपमा बेलायत पुगेको एउटा नेपाली नागरिकको विवशतापूर्ण जीवनको चित्रण प्रस्तुत कवितामा निकै प्रभावी शैलीमा गरिएको छ । हेरौँ, एउटा कवितांश :

*जब महिनाको अन्तिम दिन पस्छ बैंकमा तलब*
*केही वर्ष बेलायतमै बसौँ लाग्छ*
*जब हिउँदमा जाडोले धेरै सताउँछ*
*भोलि नै नेपाल फर्कौं लाग्छ*

(पृ.१२७)

प्रस्तुत कवितांशमा विभाजित मानसिकता प्रकट भएको छ । महिनाको अन्तिम दिन आकर्षक तलब हात पर्दा बेलायतमै बस्न मन भए पनि हिउँदमा बेलयतको जाडोले सताउँदा आफ्नो देशको न्यानो सम्झिएर नेपाल नै फर्किन मन भएको पात्रको मनोदशा यहाँ चित्रित गरिएको छ । नेपाल फर्किने विचार पनि उसको मनमा लामो समयसम्म रहन पाउँदैन । कविताको अर्को अंश :

*जब कामबाट आँखा मिच्दै घर आइपुग्छ*
*उम्रिरहेको छोराको बैंस हेर्छ*
*अहिले नै बेलायत छोडौँ जस्तो लाग्छ*
*पलाइरहेको छोरीको रहर हेर्छ*
*उसलाई पर्खेर बसिरहुँ लाग्छ*
*.................*
*.................*
*दुवैजनालाई पालैपालो हेर्दै सोच्छ, -*

*'यिनीहरू बढेपछि फर्कन्छु नेपाल ।'*

(पृ.१२७-१२८)

यसरी यो पात्रको मन बेलायत र नेपालमा बाँडिएको छ । उसलाई घरी नेपाल आइहाल्न मन लाग्छ भने घरी केही समय उतै बस्न मन लाग्छ । यही दोधारमा अल्मलिएर उसले सिङ्गो जीवन बेलायतमै बिताउँछ । कविताका अन्तिम हरफहरू हेरौँ :

*केही दिनपछि छैटौँ खबर आयो, -*

*'नेपाल ! नेपाल !! भन्दै*

*एउटा गोर्खा लाहुरेले*

*बेलायतको अस्पतालमा अन्तिम सास फेऱ्यो रे ।'*

(पृ.१३०)

डायस्पोराको पीडा यही हो । 'त्यस अवस्थामा उसका मनमा मातृभूमिप्रतिको आकर्षण र मोह पनि जीवन्त रहन्छ र नवभूमिप्रति आकर्षणको संवेगले पनि तीव्र रूपमा हुँडलो मच्चाइरहेको हुन्छ' (सुवेदी, २०७३, पृ. १०३) । यो मर्मान्त पीडालाई कवितामा हृदयस्पर्शी ढङ्गले चित्रण गरिएको छ । आफ्नो पुर्ख्यौली भूमिलाई सम्झिँदै पराई देशमा जीवन व्यतीत गर्न र उतै अन्तिम सास फेर्न बाध्य डायस्पोराको विभाजित मानसिकता उद्धृतांशमा अभिव्यञ्जित भएको छ ।

**परिचय-सङ्कट**

परिचय-सङ्कट पनि डायस्पोराको एउटा विशेषता हो । डायस्पोरिक कृतिका पात्रहरू परिचय-सङ्कटबाट गुज्रिरहेका हुन्छन् । समीक्ष्य कविता सङ्ग्रह *तेप्लायु*को कविता 'राष्ट्र रहेमा' मा परिचय-सङ्कट भोगिरहेको यस्तै पात्रको चित्रण गरिएको छ । आफ्नो पुर्ख्यौली देश एउटा भए पनि सन्तानहरूले अर्कै देशको नागरिकता बोक्नुपर्ने अवस्थाले परिचय-सङ्कट सिर्जना भएको भाव कवितामा प्रस्तुत गरिएको छ । एउटा कवितांश :

*सन्तानहरू साथमै फर्किए*

*उनीहरूलाई भनिने छ गैरनेपाली*

*हुनेछ उनीहरूसँग रातो पासपोर्ट*

*अध्यागमनको फरक लाइनमा हुनेछौँ*

.............

.............

*हो, हामी यहीँबाट छुट्टिने छौँ*

*र हुनेछ एउटै घरको फरक-फरक देश ।*

(पृ.१४)

लामो जीवन पराई भूमिमा बिताएर वृद्धावस्थामा कुनै दिन छोराछोरीसहित फर्किंदा भोग्नुपर्ने विच्छिन्नताको अनुभव अभिव्यक्त गरिएको छ । 'यस्तो पात्र परित्यक्त हुनुको असुरक्षाले चिन्तित हुन्छ, अरू केन्द्रीय

हुन्छन्, ऊ परिधीय हुन्छ, ऊ विच्छिन्नताको दोधारे सीमामा यात्रा गर्छ । भाषिक, सांस्कृतिक, भौगोलिक, सबै प्रकारको नवीनताले, अपरिचय र असुरक्षाले उसलाई निल्न थाल्छ' (भट्टराई, २०७१, पृ.१२०) । डायस्पोरिक पात्रको परिचय दुईतिर जोडिएको हुन्छ - पुर्ख्यौली भूमि र नवभूमि तर दुवैतिर उसले विच्छिन्नताको अनुभव गर्छ । पुर्ख्यौली भूमि छोडिसकेको हुन्छ भने नवभूमि र नवसंस्कृतिलाई आत्मसात् गरिसकेको हुँदैन ।

**निष्कर्ष**

कवि काङमाङ नरेश राईको पछिल्लो कविताकृति *तेप्लायु*मा सङ्कलित कविताहरूमा गोर्खा भर्तीको इतिहास, युद्धले नेपाली जीवनमा दिएको चोट, मुन्दुम, मुन्दुमी संस्कृति, पहिचान र प्रेमिल भावहरूलाई विषय बनाइएको छ । सङ्ग्रहमा सङ्कलित कविताहरूलाई तीन खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा २७ वटा कविता छन् भने दोस्रो खण्डमा २३ कविता र तेस्रो खण्डमा छवटा कविताहरू छन् । तीनै खण्डमा गरी यस सङ्ग्रहमा जम्मा ५६ वटा कविताहरू सङ्कलित छन् । यसमा मूलतः लाहुरेको कष्टकर जीवन, पहिचान र प्रेमिल भावहरूलाई विषय बनाइएको छ ।

डायस्पोरिक भाव भएका कविता यस सङ्ग्रहमा दुईवटा मात्र छन् । डायस्पोरिक चेत भएका यी दुई कवितामा पनि उनले लाहुरेको जीवनलाई नै पात्र बनाएका छन् । मुटुभरि आफ्नो घरदेशको सम्झना टाँसेर उनीहरूले पराई भूमिमा बिताउने जीवन नै यी कवितामा विषय बनेर आएका छन् । डायस्पोरिक पात्रहरूमा देखिने अतीतमोह, विभाजित मानसिकता र परिचय-सङ्कटलाई आधार बनाएर उनले यी कविताहरूको सिर्जना गरेका छन् ।

**सन्दर्भसामग्री**


एटम, नेत्र (२०६७). *नेपाली डायस्पोरा र अन्य समालोचना.* एकता बुक्स.

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* साझा प्रकाशन.

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा,* भृकुटी एकेडेमिक पब्लिकेसन्स.

प्रकाश, दिप्साली (२०७६, कात्तिक २३). हाम्रै वरपरका कथाव्यथाहरू एघार नोभेम्बर. *डब्लूडब्लूडब्लू नया अनलाइन डटकम.*

प्रकाश, दिप्साली (२०७९, साउन ७). माटोप्रतिको अगाध प्रेम. *ब्लाष्ट दैनिक*

भट्टराई, गोविन्दराज (२०७१). *उत्तरआधुनिक विमर्श* (दो.सं.). ओरिएन्टल पब्लिकेसन.

राई, काङमाङ नरेश (२०७८). *तेप्लायु.* फिनिक्स बुक्स.

राई, प्रगति (२०७६, असार २८). लाहुरे-संसारको सेरोफेरो. *कोसेली कान्तिपुर* दैनिक.

राई, किरण (२०७६, भदौ १५). युद्ध साहित्यको रूप हो ११ नोभेम्बर. *डब्लूडब्लूडब्लू नयापेज डटकम.*

लुइटेल, खगेन्द्र (सन् २००९, नोभेम्बर १३). *नेपाली साहित्यमा डायस्पोराको योगदान.* https://www.samakalinsahitya.com/sahitya/details/1508 (हेरिएको २०७९/०७/०५).

विद्रोही, राजेश (२०७६). नेपाली कवितामा समकालीनता : एक विमर्श, *दृष्टिकोण* ९(१). अनुसन्धान व्यवस्थापन एकाइ. महेन्द्र बहुमुखी क्याम्पस.

विद्रोही, राजेश (२०७७). एघार नोभेम्बरका कथाहरूमा सामाजिक पर्यावरण, *दृष्टिकोण १०*(१). अनुसन्धान व्यवस्थापन एकाइ. महेन्द्र बहुमुखी क्याम्पस.

शेर्मा, मुनराज, वीर गोर्खालीहरूको नलेखिएको युद्धको गाथाहरू, *डब्लूडब्लूडब्लू हाम्रो संरचना डटकम* (हेरेको मिति २०७७/०४/२७ बिहान ८ बजे).

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* पाठ्यसामग्री पसल.

सुशान्त, गुरुङ (२०७६, कात्तिक १५). घुमीफिरी युद्धमै. *नेपाल म्यागिजन.*